# नेचासल्यान गाउँपालिकाको आर्थिक ऐन, २०८२

मिति : –२०८२।०३।१०

## नेचासल्यान गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
सोलुखुम्बु
कोशी प्रदेश नेपाल

# नेचासल्यान गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

**प्रस्तावनाः** नेचासल्यान गाउँपालिकाको आर्थिक वर्ष २०८२।०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम नेचासल्यान गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** यस बिधेयकको नाम **"नेचासल्यान गाउपालिकाको आर्थिक ऐन, २०८२"** रहेको छ ।
यो ऐन **२०८२** साल श्रावण १ गतेदेखि नेचासल्यान गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** गाउँपालिका क्षेत्रभित्र अनुसूचि १ बमोजिम सम्पत्ति कर,घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ।

३. **भूमि कर, मालपोतः** गाउँपालिका क्षेत्रभित्र अनुसूचि २ बमोजिम भूमि कर मालपोत लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल,ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि ३ बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार,व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि ४ बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी,कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि ५ बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः**गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि ६ बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ (प्रदेश कानुन स्वीकृत भई सो कानुनले व्यवस्था भएकाले सोही बमोजिम हुनेछ) ।

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि ७ बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि ८ बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि ९ मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि १० बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग,बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि ११ बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण संचालन वा व्यवस्थापन गरेका अनूसूचि १२ मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **सम्पत्ति भाडाको कर** : गाउँपालिकाले निर्माण संचालन वा व्यवस्थापन गरेका अनूसूचि १३ मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने छ ।

१५. **पर्यटनशुल्कः**गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**१६. करको असुली तथा दण्ड जरिवना :** यस गाउंपालिकाले निर्धारण गरेकोकर तथा गैर कर आर्थिक वर्ष भित्रै वुझाईसक्नु पर्नेछ। उक्त समय भित्र कर नवुझाइ पहिलो आर्थिक वर्ष भित्र कर वुझाउन आएमा २५ प्रतिशत थप र त्यस पछि प्रत्येक आथिक वर्षको १५ प्रतिशतका दरले थप गरी जरिवाना लाग्नेछ।

तर, कर उठाउन प्रोत्साहनको लागि कुनै निश्चित समयावधी तोकेर निश्चित प्रतिशत जरिवाना छुट दिन गाउं कार्यपालिकाले निर्णय गर्न वाधा पर्नेछैन।

**१७. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

## अनुसुचि-२

## सम्पत्ति करको दर

१.सम्पत्तिकर को मुल्यांकन रकमलाई रु लाखमा परिणत गरि करको दर निर्धारण हुनेछ।

| सम्पत्तिको मुल्य | | वार्षिक दर एकमुष्ट रु | कैफियत |
|---|---|---|---|
| ७ लाख रुपैया सम्मको मूल्यांकनमा | | २०० | सम्पत्ति कर को मूल्यांकन करदाताले स्व घोषणा गरेको आधारमा गरिने छ। |
| ७ लाख १ रुपैया देखि २० लाख सम्मको मूल्यांकनमा | | २५० | |
| २० लाख १ रुपैया देखि ५० लाख सम्मको मूल्यांकनमा | | ५०० | |
| ५० लाख १ रुपैया भन्दा बढी | | ७०० | |
| **घरको मूल्याङ्कन** | | | |
| **क्र.स.** | **घरको वर्गिकरण बनोट** | | **दर (प्रति वर्गफिट रु )** |
| १ | काठजस्ताको बार र जस्ताको छानो | | १०० |
| २ | ढुंगा माटोको गार्हो र जस्ताको छानो | | २५० |
| ३ | ढुंगा र सिमेन्ट जोडाईको गार्हो र जस्ताको छानो | | ३५० |
| ४ | ईटा र सिमेन्ट जोडाईको गार्हो र जस्ताको छानो | | ३५० |
| ५ | ब्लक जोडाईको गार्हो र ढलान | | ३५० |
| ६ | ढुंगा र सिमेन्ट जोडाईको गार्हो र ढलान | | ४०० |
| ७ | ईटा र सिमेन्ट जोडाईको गार्हो र ढलान | | ४०० |
| ८ | आर. सि.स. फ्रेम स्ट्रक्चर र ढलान | | ५०० |
| नोट: घरको क्षेत्रफल एकिन गर्दा प्रत्येक तलाहरुको क्षेत्रफल जोडेर जम्मा क्षेत्रफल निर्धारण गरिने छ। | | | |

## अनुसुचि-३

## भूमिकर (मालपोत)

| किसिम / जग्गाको विवरण | दर प्रति रोपनि रु | गत आ व को दर |
|---|---|---|
| १.व्यवसायिक क्षेत्र | ३० | ५० |
| २.आवास क्षेत्र | २० | २० |
| ३.कृषि क्षेत्र | १० | १५ |
| ४.बजार क्षेत्र/ औधोगिक क्षेत्र | ३० | ५० |
| ५.वन क्षेत्र | १५ | १५ |
| ६.खानी तथा खनिज क्षेत्र | १५ | ० |
| ७.नदी, खोला,ताल,सिमसार क्षेत्र | १५ | ० |
| ८.सार्वजनिक उपयोगी क्षेत्र | १५ | ० |
| ९.सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र | १५ | ० |

## अनुसुचि-४

## घर जग्गा बहाल कर

| **जग्गा तथा घर भाडामा लिने** | **करको दर** |
|---|---|
| लेखा परिक्षण गराउने दायित्व भएका संस्थाहरुले लिएको जग्गा र घरको | बहाल रकम को १२ प्रतिशत |
| अन्य (व्यापार,व्यवसायिक,घरायसि वा कृषि) प्रयोजनका लागि लिएको जग्गा र घरको | बहाल रकमको १० प्रतिशत |

घर बहाल प्रोजनको लागि घर/ग्यारेज/घुम्तिको प्रति कोठा न्यूनतम भाडादर रुपैयामा देहायबमोजिम हुनेछ।

| **क्र.स.** | **शिर्षक** | **भाडादर रु** | **कैफीयत** |
|---|---|---|---|
| **१** | **नेचाबिहिवारे बजार क्षेत्र** | | |
| क | पक्कि घर सटर कोठा | ५००० | |
| ख | पक्कि घर अन्य कोठा | ३००० | |
| ग | कच्चि घर व्यापारीक कोठा | २००० | |
| घ | कच्चि घर अन्य कोठा | १००० | |
| **२** | **नेचाबुधवारे बजार क्षेत्र** | | |
| क | पक्कि घर सटर कोठा | ४००० | |
| ख | पक्कि घर अन्य कोठा | २००० | |
| ग | कच्चि घर व्यापारीक कोठा | २००० | |
| घ | कच्चि घर अन्य कोठा | १००० | |
| **३** | **सबै वडाहरुको ग्रामिण क्षेत्र** | | |
| क | पक्कि घर सटर कोठा | १२०० | |
| ख | पक्कि घर अन्य कोठा | १००० | |
| ग | कच्चि घर व्यापारीक कोठा | ८०० | |
| घ | कच्चि घर अन्य कोठा | ५०० | |

## अनुसुचि-५

## व्यवसाय करको दररेट

गाउँपालिका क्षेत्रभित्र कुनैपनि किसिमको व्यापार तथा व्यवसाय गर्नेले गाउँपालिका बाट व्यवसाय इजाजत पत्र लिई वार्षिक रुपमा नविकरण गर्नुपर्नेछ। व्यवसाय दर्ता तथा नविकरण गर्दा लाग्ने व्यवसाय करको दर देहाय बमोजिम रहेको छ ।

| **क्र.स.** | **व्यवसायको किसिम** | | |
|---|---|---|---|
| | **विवरण** | **विस्तृत विवरण** | **दर्ता शुल्क** |
| १ | | वितरक | ३००० |

| | | | |
|---|---|---|---|
| | मदिरा पसल | थोक | २००० |
| | | खुद्रा | १००० |
| २ | चुरोट बिडि सुर्ति जन्य | वितरक | २००० |
| | | थोक | १५०० |
| | | खुद्रा | १००० |
| ३ | हल्का पेय पदार्थ | वितरक | १५०० |
| | | थोक | १००० |
| | | खुद्रा | ५०० |
| ४ | सुनचाँदि पसल | थोक | २५०० |
| | | खुद्रा पसल र मर्मत | १५०० |
| ५ | औषधी पसल/पशु औषधी पसल | थोक | ३००० |
| | | खुद्रा डाक्टर भएको | २००० |
| | | खुद्रा डाक्टर नभएको | १५०० |
| ६ | माछा मासु विक्रि पसल | | २००० |
| ७ | आयुर्वेदिक औषधी पसल | | १५०० |
| ८ | एग्रोभेट पसल | थोक | २००० |
| | | खुद्रा | १५०० |
| ९ | स्टेसनरी तथा पुस्तक पसल | थोक | २००० |
| | | खुद्रा | १५०० |
| १० | छपाई तथा प्रकाशन | अफसेट प्रेस | २००० |
| | | साधारण प्रेस | १५०० |
| ११ | कस्मेटिक पसल | | १५०० |
| १२ | मोटर पार्टस | थोक | २५०० |
| | | खुद्रा | २००० |
| १३ | प्लाई तथा ग्लास | थोक | २५०० |
| | | खुद्रा | २००० |
| १४ | कपडा/फेन्सि/जुत्ता-चप्पल/व्याग हाउस | थोक | २००० |
| | | खुद्रा | १५०० |
| १५ | विविध श्रृगार पसल | थोक/खुद्रा | १५०० |
| १६ | इलेक्ट्रोनिक पसल (मोवाइल,घडी, क्यालकुलेटर,अडियो, भिडियो आदि) | थोक | २५०० |
| | | खुद्रा | २००० |
| १७ | हार्डवेयर/मेसिनरी/स्यानिटरी/मार्वल पसल<br>रंग रोगन | थोक | ५००० |
| | | खुद्रा | ३००० |
| १८ | पेट्रोलियम पदार्थ | पेट्रोल पम्म | ५००० |
| | | पेट्रोल बिक्रि केन्द्र | ३००० |
| | | ग्यास सिलिन्डर सब डिलर | ३००० |
| | | मट्टितेल मात्र विक्रि | २००० |

| | | | |
|---|---|---|---|
| १९ | स्टिल आलमुनियम पसल | थोक | २००० |
| | | खुद्रा | १५०० |
| २० | फर्निचर | थोक/खुद्रा | २००० |
| २१ | ढुंगा तथा गिट्टि बालुवा विक्रि वितरण गर्ने | | |
| २२ | कपडा सिलाई कटाई | टेलरिङ् आधुनिक | २००० |
| | | हाते मेसिन | १५०० |
| २३ | स्नुकर तथा पुल हाउस | | २००० |
| २४ | क्यारेम वोर्ड | | १००० |
| २५ | पशु आहार विक्रि केन्द्र | | १५०० |
| २६ | किराना पसल | थोक | २००० |
| | | खुद्रा | १५०० |
| २७ | फलफुल/तरकारी पसल | थोक/खुद्रा | १५०० |
| २८ | उपहार/गिफ्ट/खेलौना पसल | थोक/खुद्रा | १५०० |
| २९ | भाडाँ पसल (स्टिल,प्लास्तिक,आलमुनियम सबैथरी) | थोक | २५०० |
| | | खुद्रा | २००० |
| ३० | क्रसर-कन्क्रिट-इटा भट्टा उधोग | | ८००० |
| ३१ | ढाका टोपि पस्मिना उधोग | | १००० |
| ३२ | सुर्तिजन्य उधोग | | ५००० |
| ३३ | होटल लज रेष्टुरेन्ट | होटल र लज | २५०० |
| | | भोजनालय | १५०० |
| | | मिठाई पसल | १००० |
| | | पार्टि प्यालेस | ३५०० |
| | | रेष्टुरेन्ट-बार | २५०० |
| | | चिया र खाजा पसल | १००० |
| | | खाजा-नास्ता पसल (मदिरा सहित) | २५०० |
| ३४ | टेन्ट हाउस | | २००० |
| ३५ | संञ्चार | एफ.एम.प्रसारण | ३००० |
| | | केबुल च्यानल प्रसारण | ३००० |
| | | पत्रपत्रिका प्रकासन सेवा | १५०० |
| | | फोटोकपि,पि.सि.ओ. साइबर ब्याफे | १५०० |
| | | कुरियर सेवा | १५०० |
| | | कलर ल्याब/फोटो स्टुडियो | १५०० |
| | | कम्प्युटर इन्सिच्युट | २००० |
| ३६ | | वाणिज्य वैंक प्रति शाखा/केन्द्रिय कार्यालय | ५००० |
| | | विकास वैंक प्रति शाखा/केन्द्रिय कार्यालय | ५००० |
| | | फाईनान्स कम्पनि शाखा | ५००० |
| | | वित्तिय/ऋण सहकारी संस्था | २५०० |

| | | | |
|---|---|---|---|
| | वित्तिय | मनि ट्रान्सफर | २५०० |
| | | विमा कम्पनि | २५०० |
| | | लघु वित्त | २५०० |
| ३७ | स्वास्थ सेवा व्यवसाय | निजी अस्पताल तथा नर्सिङ् होम | ३००० |
| | | क्लिनिक तथा ल्याब | २००० |
| | | चस्मा पसल | २००० |
| ३८ | शिक्षा सेवा निजि | क्याम्पस | २५०० |
| | | मावि/उ.मा.वि. | २००० |
| | | आधारभुत/प्राथमिक | १५०० |
| | | निजि वोर्डिङ् स्कुल | ३००० |
| ३९ | माटाको भाँडा पसल | थोक,खुद्रा | ५०० |
| ४० | ढुवानि तथा ट्रान्सफोर्ट | | ३००० |
| ४१ | पेन्टर/साईनवोर्ड लेख्ने | | १००० |
| ४२ | खोटो व्यवसायी | | २००० |
| ४३ | जग्गा व्यवसायी | | ३००० |
| ४४ | निर्माण व्यवसायि | | ७००० |
| ४५ | हेयर कटिङ्/सैलुन/ डाई किल्निक, व्युटी पार्लर | | १००० |
| ४६ | कुखुरा फर्म उधोग | | १५०० |
| ४७ | कृषि जन्य वस्तुको गोदाम तथा (नियमानुसार कर नलाग्ने बाहेक) | | १५०० |
| ४८ | यस वर्गिकरणमा नपरेका व्यवसायीको हकमा | | १५०० |
| ४९ | जुत्ता उधोग | | २००० |
| ५० | ग्रिल उधोग | | ३००० |
| ५१ | घरेलु कुटिर उधोग(अगरबत्ति,मैनवत्ती, टिकी,अचार तथा अन्य कुटिर) | | ५०० |
| ५२ | कपडा तथा गार्मेन्ट उधोग | | ५००० |
| ५३ | सिरक डसना उधोग पसल | | २००० |
| ५४ | कुटानि पेलानि मिल | घरायसि | ५०० |
| | | व्यवसायिक | १५०० |
| ५५ | मसला मिल | | १००० |
| ५६ | डेरी उधोग/व्यवसाय | | १५०० |
| ५७ | उपभोग्य वस्तु उत्पादन उधोग | कुकिज नुडल्स | १००० |
| | | दालमोट पाउरोटी चाउमिन | १००० |
| | | पापड चिप्स फिगर | १००० |

| | | | |
|---|---|---|---|
| ५८ | वनजन्य उधोग | समिल प्लाई उधोग | ५००० |
| | | काठ विक्रि डिपो | ३००० |
| ५९ | तालिम तथा हल | छात्रावास | १००० |
| | | मन्टेश्वरी | १००० |
| | | टयुसन सेन्टर | २००० |
| | | कम्प्युटर/नित्यकला सिकाई केन्द्र | २००० |
| | | तालिम तथा अनुसन्धान केन्द्र | १००० |
| ६० | फूल विरुवा पसल | | ५०० |
| ६१ | गैर सरकारी संस्थाहरु | राष्ट्रिय | ३००० |
| | | अन्तराष्ट्रिय | ५००० |

**उधोग व्यवसाय समुह वार्षिक नविकरण शुल्क**

| **क्र.स.** | **वर्गिकरण** | **नविकरण दस्तुर रु** |
|---|---|---|
| | ५ लाख सम्म पुजिभएको | १००० |
| २ | २० लाख सम्म पुजिभएको | १५०० |
| ३ | २० लाख भन्दा बढी पुजि भएको | २००० |

## अनुसूचि-६

## जडिबुटी,कवाडि र जिवजन्तु करको दर

गाउँपालिका क्षेत्रभित्र उत्पादन वा संकलन भई व्यवसायीक उपयोग हुने निम्नलिखित वस्तुहरुमा देहाय बमोजिम जडिबुटी,कवाडी र जिवजन्तु कर लिईनेछ।

| क्र.स. | जडिबुटि कवाडि र जिवजन्तु कर (प्रतिबन्धित बाहेक) | प्रति के.जि. दर रु |
|---|---|---|
| १ | अलैची | ५ |
| २ | चिराइतो | २ |
| ३ | अदुवा | १ |
| ४ | सतुवा | १०० |
| ५ | टिम्बुर | २ |
| ६ | विष | ५ |
| ७ | पाँचऔले | ५ |
| ८ | पाखन वेद | ५ |
| ९ | ठुलो ओखति | ५ |
| १० | अल्लो | ५ |
| ११ | लौठ सल्ला | ५ |
| १२ | लोक्ता | ५ |
| १३ | खालि सिसि,प्लासटिक(बोतल,भाँडाकुडा,पुराना जुत्ता,चप्पल,ग्यालन र जर्किन),खालि बोरा,तेलको टिन,धातुका टुक्राहरु,पुन:प्रशोधन गरी पुन प्रयोगमा आउन सक्ने सामानहरु (प्रति ट्रिप) | ठुलो ट्रक ३०००<br>सानो ट्रक २५००<br>टयाक्टर २००० |

| | | |
|---|---|---|
| १४ | खोटो प्रति टिन | ५० |
| १५ | जिवजन्तु निकासि कर प्रति गोटा | |
| | गाई / गोरु | १०० |
| | रागा/ भैसि/ पाढा/ पाढि | २०० |
| | खसि/ बोका /बंगुर/ भेडा/पाठा | ५० |
| | भेडा/पाठा | ५० |
| १६ | **प्रेष्किप्सन रसिद रु** | |
| | गाई/भैसि प्रति पशु | १० |
| | भेडा/बाख्रा/बंगुर/ खरायो प्रति पशु | ५ |
| | कुखुरा/हाँस/ २० वटा सम्मको लागि सो भन्दा माथि प्रति २० पंक्षी बराबर १० | १० |
| | कुकुर/ बिरालो प्रति पशु | २० |
| | घोडा/ अन्य वन्यजन्तु प्रति पशु | १०० |
| १७ | प्रचलित कानुनले निषेध नगरेकी मृत जिवजन्तुको हाड,सिङ्,प्वाख,छाला जस्ता वस्तु प्रति गोटा | २०० |
| १८ | **पशुपन्छि प्रयोगशाला शुल्क** | |
| | गोबर परीक्षण सबै जनावर | १० |
| | दुध परीक्षण | २५ |
| | पंक्षीको सब परिक्षण | २५ |
| १९ | **पशु प्रजनन सेवा** | |
| | गाई भैसि कृतिम गर्भाधारण सेवा | ५० प्रति गोटा |
| | सामान्य बिधिबाट गर्भ परिक्षण | १०० प्रति गोटा |
| २० | **बन्ध्याकरण/सामान्य सर्जरि सेवा प्रति गोटा** | |
| | बोका थुम्मा | १० |
| | बहर | ५० |
| | वीर | १५० |
| | घाँउ चिरफार तथा ड्रेसिङ | २० |
| | पुच्छर काट्ने | १०० |
| | सिँङ काट्ने | १०० |
| | भाँचिएको हड्डी मिलाउने | १०० |
| | अन्य सामान्य किसिमको सर्जरी सेवा | ५० |
| | बाँस प्रति गोटा | १० |

## अनुसूचि-७

## सवारी साधन करको दर

१.गाउँपालिका क्षेत्रभित्र संचालनहुने देहायका सवारी साधनमा पहिलो पटक सवारी दर्ता र वार्षिक रुपमा नविकरण गर्दा लाग्ने करको दर निम्न अनुसार हुनेछ।

| क्र.स. | सवारीको किसिम | दर्ता तथा इजाजत रु | वार्षिक नविकरण रु |
|---|---|---|---|
| १ | अटोरिक्सा,विधुतिय रिक्सा | ५०० | ३०० |
| २ | जिप | २००० | १५०० |
| ३ | बस | ५००० | ३००० |
| ४ | ट्याक्टर | २००० | १५०० |
| ५ | स्काभेटर | १५००० | १०००० |
| ६ | व्याक हो लोडर | ७००० | ४००० |
| ७ | हेभि ट्रक,टिपर | ५००० | ३००० |

नोट: गाउँपालिका क्षेत्रभित्र संचालन हुने सवारीहरुले अनिवार्य गाउँपालिकामा दर्ता र वार्षिक रुपमा नविकरण गरेर मात्र संचालन गर्नुपर्दछ। अन्यथा गाउपालिकाले जुनसुकै बेला सवारी संचालनमा रोक लगाउन सक्ने छ ।

## अनुसूचि - ८

## विज्ञापन करको दर

गाउँपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा गाउँपालिकाको इजाजत लिई गरिएको विज्ञापन सामाग्रिमा देहाय बमोजिम वार्षिक विज्ञापन कर लगाई असुल उपर गरिनेछ।

| क्र.स. | विज्ञापन सामग्रिको किसिम | वार्षिक विज्ञापन कर रु |
|---|---|---|
| १ | विधुतिय डिजिटल बोर्ड प्रति वर्ग फिट | ३० |
| २ | होर्डिङ् बोर्ड प्रति वर्ग फिट | २५ |
| ३ | व्यानर पोष्ट्टर प्रति वर्ग फिट | २० |
| ४ | भित्ते लेखन प्रति वर्ग फिट | १० |
| ५ | व्यापार तथा मेला आदिमा इलेक्ट्रोनिक्स डिस्पले दैनिक | २५ |

**नोट :**

१. गाउँपालिका क्षेत्रभित्र निजि सम्पत्तिको उपयोग गरी कसैले विज्ञापन राख्न चाहेमा गाउँपालिकाको इजाजत लिई विज्ञापन सामग्रि राख्न सक्नेछ। यस्तो विज्ञापन राखे वापत गाउँपालिकालाई बुझाउनु पर्ने विज्ञापन करको दर सार्वजनिक स्थलमा राखेको विज्ञापन करकफ दरको आधा (पचास प्रतिशत) हुनेछ।

२. गाउँपालिकाको इजाजत नलिई गरिएको विज्ञापन सामग्रिहरुलाई गाउँपालिकाले कुनै पनि समयमा अग्रिम सूचना विना हटाउन सक्नेछ।

३. पसलहरुमा राखिने परिचयपाटि (व्यवसाय प्रमाण पत्रमा तोकिएको ढाँचा तथा साइज अनुसार)मा विज्ञापन कर लाग्ने छैन। तर परिचयपाटिमा विज्ञापनमुलक सामग्रि प्रचार गरेमा सो मा विज्ञापन कर लाग्नेछ।

४. सेवाप्रदायक संस्थाले वार्षिक/अर्धवार्षिक रुपमा विज्ञापन व्यवसाय संचालन गर्न चाहेमा तोकिएको दरमा नघट्ने गरी कार्उपालिकाको निर्णय अनुसार ठेक्कामा लगाउन सकिनेछ।

## अनुसूचि-९

## मनोरन्जन कर

| | | |
|---|---|---|
| मनोरन्जन शुल्क | सिनेमा हल तथा मनोरन्जन प्रदर्शन स्थलको प्रवेश शुल्कमा | २% प्रतिदिन |
| | जादु सर्कस चटक आदिमा | ३०० |

**अनुसूचि-९**

**बहाल बिटौरी शुल्कको दर**

१. बहाल बिरौटी शुल्कको दर निर्धारण गाउँकार्यपालिकाको बैठकको निर्णयानुसार हुनेछ।

**अनुसूचि -११**

**पार्किङ् शुल्क**

| | | |
|---|---|---|
| पार्किङ् शुल्क (प्रति घण्टा ) | बस,ट्रक,लरी,हेभि गाडि,ट्याक्टर,जिप | २० |
| | मोटर साईकल,ठेला गाडा,अटो रिक्सा र अन्य साधन | १० |

**अनुसूचि -१२**

१. **१.ट्रेकिङ्,कायनिङ्,क्योनिङ्,र्याफटिङ्,प्याराग्लाइडिङ्,जिप फ्लायर,बन्जि जम्पिङ् शुल्क** – शुल्कको दर निर्धारण गाउँकार्यपालिकाको बैठकको निर्णयानुसार हुनेछ।

**अनुसूचि -१३**

**सेवा शुल्क तथा दस्तुरको दर**

| **क्र.स.** | **सिफारिस,अनुमति र प्रमाण** | | |
|---|---|---|---|
| | **विवरण** | **विस्तृत विवरण** | **शुल्क रु** |
| १ | घर जग्गा नामसारी सिफारीस | ५ रोपनि सम्म<br>५ देखि १० रोपनि सम्म | १००<br>१५० |
| | | १० देखि २० रोपनि सम्म | २०० |
| | | २० देखि ५० रोपनि सम्म | ३०० |
| | | ५० रोपनि भन्दा माथि | ४०० |
| २ | | ५ लाख सम्म | १००० |

| | | | |
|---|---|---|---|
| | अचल सम्पत्ति मूल्याङ्कन | ५ लाख देखि २५ लाख सम्म | ५००० |
| | | २५ लाख देखि ५० लाख सम्म | १०००० |
| | | ५० लाख भन्दा बढि | १५००० |
| ३ | आयश्रोत मूल्याङ्कन प्रति लाख | | १०० |
| ४ | घ वर्गको ठेक्का इजाजतपत्र जारी | | १०००० |
| ५ | घ वर्गको ठेक्का इजाजतपत्र नविकरण | | ७००० |
| ६ | फोहोरमैला सेवाशुल्क बजार क्षेत्रमा | प्रतिघर प्रति महिना | १०० |
| | | पसल सहित होटल | २०० |
| ७ | अन्तराष्ट्रिय गै स स जुनसुकै सिफारीस | | ५००० |
| ८ | अपुतालि सिफारीस | | १००० |
| ९ | पक्की घर प्रमाणित | | ३०० |
| १० | कच्ची घर प्रमाणित | | १०० |
| ११ | वसोवास प्रमाणित | | १५० |
| १२ | उद्योग ठाँउसारी गर्ने सिफारीस | | ५०० |
| १३ | व्यावसायिक घर कोठा खोल्ने | | २०० |
| १४ | आवासिय घर कोठा खोल्ने | | १५० |
| १५ | हकभोग तथा जोतभोग र छुट दर्ता सिफारीस | | १०० |
| १६ | साना घरेलु उद्योगमा आगलागी सिफारीस | | ३०० |
| १७ | मझौला उद्योगमा आगलागी सिफारीस | | १००० |
| १८ | ठुला उद्योगमा आगलागी सिफारीस | | २००० |
| १९ | सर्वसाधारणको घर टहरा आगलागी सफारीस | | निशुल्क |
| २० | नक्सापास किताब दस्तुर | | ५०० |
| २१ | संघसंस्थाको बैङ्कको खाता खोल्दा सिफारीस | | ३०० |
| २२ | घरपाताल प्रमाणित | | २०० |
| २३ | व्यवसाय प्रमाणपत्र दस्तुर | | १५० |
| २४ | घर कायम सिफारीस वा निर्माणाधिन रहेको सिफारीस | | १०० |
| २५ | वैदेशिक रोजगारीमा मृत्यु हुनेको सिफारीस | | निशुल्क |
| २६ | नम्वरी जग्गाको रुख काट्ने सिफारीस, व्ययवशायिक प्रयोजन (प्रति रुख) | | २०० |
| २७ | सहुलियत काठको सिफारीस | | १००० |
| ३८ | विद्युत जडान सिफारीस | | १०० |
| २९ | विद्युत थ्रिफेज जडान सिफारीस | | ५०० |
| ३० | बिद्युत टान्सफरर्मर जडान सिफारीस | | ४००० |
| ३१ | खानेपानीको धारा जडान | | १०० |
| ३२ | संस्था नविकरण सिफारिश | | ३०० |
| ३३ | सिनेमाहल दर्ता /सिफारीस | | १०००० |
| ३४ | मेला सर्कस अनुमति सिफारिश | | २००० |

| | | | |
|---|---|---|---|
| ३५ | कर तिरेको रसिदको प्रतिलिपि | | ५० |
| ३६ | व्यापार व्यवसाय वन्द भएको वा हुदै नभएको सिफारीस | | २०० |
| ३७ | मुचुल्का सबै किसिमका | | ५०० |
| | पारिवारिक विवरण प्रमाणित | | ५०० |
| ३८ | **अमिन सेवा शुल्क** | एउटै वडा भित्र १ कित्ताको | १००० |
| | | ५ देखि १३ रोपन | १५०० |
| | | १३ रोपनी भन्दा बढी | २०० |
| ३९ | **उद्योग खोल्ने सिफारिश** | | १५०० |
| ४० | **संस्थागत शिक्षण संस्था दर्ता (गा.पा.ले गर्ने ) सिफारिश (रु)** | १. क्याम्पस | २०००० |
| | | २. प्राविधिक शिक्षण संस्था | १०००० |
| | | ३. स्तर वृद्धि | ५००० |
| | | | |
| ४१ | **घर नक्शा पास आर सि सि भवन(रु/वर्गफुट)** | १००० बर्गफिट सम्म | ८ |
| | | १००१ देखी २५०० ब.फिटसम्म | १० |
| | | २५०१ देखी ५००० ब.फिटसम्म | १२ |
| | | ५००१ देखी माथिको | १५ |
| ४२ | आवासिय भवन अभिलेखीकरण (जस्तापाताको छाना भएको लोडवियरिङ) | | रु १० प्रति बर्गफिट) |
| ४३ | निवेदन दस्तुर | | १० |
| ४४ | नाता प्रमाणित जिवित संगको | | २५० |
| ४५ | जन्ममिति प्रमाणित गर्ने | | १०० |
| ४६ | विवाह प्रमाणित तथा अविवाहित प्रमाणित | | २०० |
| ४७ | अंग्रेजि माध्यम सिफारीस तथा प्रमाणित | | २०० |
| ४८ | वसाईसराई प्रमाणित | | १०० |
| ४९ | मृत्यु प्रमाणित | | २०० |
| ५० | व्यक्तिगत विवरण प्रमाणित | | १०० |
| ५१ | हकवाला वा हकदार प्रमाणित | | १०० |
| ५२ | संरक्षक प्रमाणित गर्ने तथा संस्थागत र व्यक्तिगत संरक्षक सिफारीस गर्ने | | १०० |
| ५३ | वैदेशिक अध्ययन तथा रोजगार सिफारिश | | १००० |
| ५४ | आर्थिक अवस्था कमजोर तथा विपन्नता प्रमाणित वा सिफारिश | | ० |
| ५५ | नागरीकता लिन को लागी सिफारीस | | २०० |
| ५६ | वहालकर को लेखाजोखा प्रमाणित | | २०० |
| ५७ | मोही लगत कट्टी को सिफारीस | | ५०० |
| ५८ | चौकिल्ला प्रमाणीत | | २०० |
| ५९ | कागज मञ्जुरीनामा प्रमाणीत | | ५०० |

| | | | |
|---|---|---|---|
| ६० | न्यायीक समितिमा उजुरी दर्ता वा मिलापत्रको कागजात गराउने निवेदन दर्ता सिफारीस | | ३०० |
| ६१ | निशुल्क वा सशुल्क स्वस्थ्य उपचारको सिफारीस गर्ने | | ० |
| ६२ | घरवाटो प्रमाणीत | | २०० |
| ६३ | पुर्जामा घरकायम गर्ने सिफारीस | | १०० |
| ६४ | नाम वा जन्ममिति संसोधन सिफारीस | | २०० |
| ६५ | जग्गाधनि पुर्जा हराएको सिफारीस | | २०० |
| ६६ | कित्ताकाट गर्ने सिफारीस | | २०० |
| ६७ | नामसारी गर्ने सिफारीस | | १०० |
| ६८ | जग्गाको दर्ता सिफारीस | | १०० |
| ६९ | मृतक सँगको नाता प्रमाणित तथा सिफारीस | | **१००** |
| ७० | विपन्न विद्यार्थी छात्रबृत्ति सिफारिश | | ० |
| | **दर्ता शुल्क** | | |
| ७१ | जन्म दर्ता | ३५ दिन भए निशुल्क | २०० |
| ७२ | मृत्यु दर्ता | ३५ दिन भए निशुल्क | २०० |
| ७३ | वसाईसराई दर्ता | | २०० |
| ७४ | विवाह दर्ता | ३५ दिन भए निशुल्क | २०० |
| ७५ | उजुरी दर्ता तथा मुद्दा दर्ता | | ३०० |
| ७६ | जिवित रहेको सिफारीस | | १०० |
| ७७ | अपाङ्ग सिफारिश | | ० |
| ७८ | अस्थायी तथा स्थायी बसोबास सिफारिश | | १०० |
| ७९ | आर्थिक अवस्था कमजोर सिफारिश | | ० |
| ८० | आर्थिक अवस्था बलियो सिफारिश | | २०० |
| ८१ | दुवै नाम गरेको ब्यक्ति एउटै हो भन्ने सिफारिश | | २०० |
| ८२ | जन्म मिति प्रमाणीत | | १०० |
| ८३ | जग्गा मूल्यांकन सिफारिश तथा प्रमाणीत | | २०० |
| ८४ | अदालत कोट फि मिनाहा सिफारिश | | ० |
| ८५ | नाबालक परिचय पत्र सिफारिश | | १०० |
| ८६ | चौपाय सम्बन्धि सिफारिश | | १०० |
| ८७ | ब्यवशासय दर्ता सिफारिश | | २०० |
| ८८ | संस्थागत विद्यालय ठाउँसारी सिफारिश | | १००० |
| ८९ | उद्योग ठाउँसारी सिफारिश | | २०० |
| ९० | विवरण खुलाई पठाउने कार्यका लागि सिफारिश | | २०० |
| ९१ | पेन्शन सिफारीस वैदेशिक मुलुक | | ५०० |
| ९२ | पेन्शन सिफारीस नेपाल को लागी | | २०० |
| ९३ | पालनपोषणको लागी सिफारीस | | २०० |
| ९४ | वैवाहिक अंगिकृत नागरीकता सिफारीस | | १०० |

| | | | |
|---|---|---|---|
| ९५ | साधारण सिफारीस | | २०० |
| ९६ | योजना सम्झौता सिफारिस | | २०० |
| ९७ | योजना फरफारक सिफारिस | | २०० |
| ९८ | दरपिठ सिफारिश प्रति पाना | | १०० |
| ९९ | नागरिकता प्रतिलिपी सिफारिश | | १०० |
| १०० | प्लटिङ इजाजत सिफारिश प्रति रोपनी | | २००० |
| १०१ | छात्रबृत्ति सिफारिश | | १०० |
| १०२ | विद्यालय संचालन वा कक्षा स्तर बृद्धि सिफारिश | | १०० |
| १०३ | दलित आदिवासी जनजाती सिफारिश | | १०० |
| १०४ | प्रतिलिपि वा प्रतिलिपिको लागि सिफारिश | | ५० |
| १०५ | अन्य सिफारिश | | १०० |
| १०६ | **प्राकृतिक स्रोत उपयोग कर (ढुङ्गा, गिट्टि, बालुवा भ्याट बाहेक)** | | ४ प्रति वर्ग फुट |
| १०७ | ट्रयाक्टर प्रति ट्रिप | | ५०० |
| १०८ | टिप्पर ६ चक्के प्रति ट्रिप | | १००० |
| १०९ | घर छाउने कटिङ ढुङ्गा प्रति ट्रिप (ट्रयाक्टर) | | २००० |
| ११० | बाँस/कुकाठ निकासी प्रति ट्रिप (ट्रयाक्टर),**चिरानि काठ** | | ५०० |
| ११० | जिल्ला **भित्र** निकाशी हुने : गोलिया काठ प्रति क्यूफि | | ५ |
| ११२ | जिल्ला बाहिर निकाशी हुने : गोलिया काठ प्रति क्यूफि | | १० |
| ११३ | जिल्ला **भित्र** निकाशी हुने : चिरानि काठ प्रति क्यूफि | | १० (साल प्रति क्यू फि. रु ५० ) |
| ११४ | जिल्ला बाहिर निकाशी हुने : चिरानि काठ प्रति क्यूफि | | १५ (साल प्रति क्यू फि. रु ५० ) |
| ११५ | तुइन्टार बिद्युत सेवा शुल्क | ३ A /६ A/१६ A/३२ A क्रमशः | १५०/२००/५००/७५० |
| ११६. काठ ढुवानि गर्दा क्यू फिट अनुसार र गाडि प्रति टिप अनुसार निम्न बमोजिम लाग्नेछ। | | | |
| **जिल्ला बाहिर** | **रु** | **जिल्ला भित्र** | **रु** |
| प्रति ट्याकटर | ३००० | प्रति ट्याकटर | २००० |
| प्रति ट्रक छ चक्के सम्म | ४००० | प्रति ट्रक छ चक्के सम्म | ३००० |
| प्रति ट्रक ८- १२ चक्के | ५५०० | प्रति ट्रक ८- १२ चक्के | ४५०० |
| ११७ | प्रमाण – पत्र प्रतिलिपि शुल्क | ५०० | |
| ११८ | नक्सा पास सिफारिस दस्तुर | ५०० | |
| ११९ | घरको नक्सा सुचिकृत गर्न कन्सल्टेन्सि शुल्क | २००० | |

| अन्य बिक्रि शुल्क(राजपत्र बिक्रि) | | | |
|---|---|---|---|
| १ | वार्षिक सदस्यलाई बिक्रि गर्दा | | ६०० |
| २ | फुटकर बिक्रि १ प्रतिको | १ देखि १० पेज | १० |
| | | ११ देखि ३० पेज | २० |
| | | ३१ देखि ५० पेज | ३० |
| | | ५१ देखि ८० पेज | ४० |
| | | ८० भन्दा माथि प्रथि पेज | ५० |

## अनुसूचि -१४

## सम्पत्ति भाडाको दर

| सम्पत्ति | भाडा दर रु |
|---|---|
| १. गा पा को हल भाडा सेवा शुल्क प्रति दिन | ३००० |
| २. गा पा को जे सि बि भाडा सेवा शुल्क प्रति घण्टा | ४००० |
| ३. साउण्ड सिस्टम भाडा प्रति पटक | ३००० |

## १. नेचासल्यान गाउँपालिकाको कृषि ट्याक्टर को दर रेट देहाय बमोजिम हुनेछ।

| क्र.स. | स्थान देखी | स्थान सम्म | भाडादर रु |
|---|---|---|---|
| १ | नेचा | ओखलढुङ्गा | ९००० |
| २ | नेचा | सल्लेरी | ९००० |
| ३ | नेचा | पत्ताले ७००० | |
| ४ | नेचा | गौरीटाप | ६५०० |
| ५ | नेचा | लेब्लु | ५५०० |
| ६ | नेचा | टुहुरे | ६००० |
| ७ | नेचा | विर्खे (सिमखर्क) | ४००० |
| ८ | नेचा | ख्याम्पु | ३५०० |
| ९ | नेचा | दोदि | ३५०० |
| १० | नेचा | खाल्पा | ४५०० |
| ११ | नेचा | सल्यान टारी | ४००० |
| १२ | नेचा | ठुलढुङ्गा | ४५०० |
| १३ | नेचा | राईडाँडाँ | ३००० |
| १४ | नेचा | सिम्ले | २५०० |
| १५ | नेचा | गैरी | ४००० |
| १६ | नेचा | पोखरी(बतासे) | ३००० |
| १७ | नेचा | चिसापानी | ३००० |
| १८ | नेचा | फुर्के | १८०० |

| | | | |
|---|---|---|---|
| १९ | नेचा | तुईनटार | ३००० |
| २० | नेचा | चुर्पुघाट | २५०० |
| २१ | नेचा | वरडाँडाँ (बतासे) | २००० |
| २२ | नेचा | कालिका स्कुल | १५०० |
| २३ | नेचा | वेसीगाउँ टारी | २००० |
| २४ | नेचा | सगरमाथा स्कुल पोखरे | २००० |
| २५ | नेचा | खालिङ गाउँ/नाम्लुङ | १५०० |
| २६ | नेचा | नेचावाट ३ कि.मि. वरिपरी को क्षेत्रको | १५०० |
| २७ | डम्पिङ् साईड बाट एकतर्फी | | १००० |
| २८ | ट्याकटर भाडा दिनभर | | ९००० |

नोटः यो बाहेकको अन्य स्थानको भाडादर नभएको स्थानको दर नजिकका स्थानलाई आधार मानी लिईनेछ। साथै **नेचा शब्दले** नेचासल्यान गाउँपालिकाको कार्यालय भवन रहेको स्थान जनाउदछ।

**२. नेचासल्यान गाउँपालिकाको कृषि एम्बुलेन्स को दर रेट देहाय बमोजिम हुनेछ।**

| क्र.स. | **स्थान देखी** | **स्थान सम्म** | **भाडादर रु** |
|---|---|---|---|
| १ | नेचा | ओखलढुङ्गा | ५००० |
| २ | नेचा | सल्लेरी | ५००० |
| ३ | नेचा | छितापाताल | १५०० |
| ४ | नेचा | ख्याम्पु | १५०० |
| ५ | नेचा | दोदि/ सल्यान | १५०० |
| ६ | नेचा | गैरी | २५०० |
| ७ | नेचा | तुईनटार | १००० |
| ८ | नेचा | काठमाण्डौ | १५५०० |
| ९ | नेचा | कटारी | ९५०० |
| १० | नेचा | इटहरी/ विराटनगर | १८५०० |
| ११ | नेचा | मिर्चैया | ११००० |
| १२ | नेचा | घुर्मि | ६५०० |

## अनुसूचि -१५

## पर्यटन शुल्क

१. पर्यटन शुल्कको दर निर्धारण गाउँकार्यपालिकाको बैठकको निर्णयानुसार हुनेछ।

## अनुसूचि -१६

## जरिवाना,शुल्क र व्याज (हर्जाना)लाग्ने सम्बन्धि व्यवस्था

**जरिवाना लाग्ने: तल उल्लिखित कसुर गर्ने व्यक्ति,व्यवसायी वा संस्थालाई देहायको दरमा जरिवाना लाग्नेछ**

| क्र.स. | कसुर | दण्ड जरिवाना रु |
|---|---|---|
| १ | स्लेट,ढुंगा,गिटि,बालुवा एवम माटोजन्य पदार्थहरु उत्खनन तथा बिक्रि अनुमति प्राप्त गर्ने व्यवसायि वा संस्थाले तोकिएको परिणामभन्दा बढी उत्खनन गरेमा वा अनुमति बेगर उत्खन्न गरेमा | उत्खन्न भएको परिणाम जफत गरी प्रति घन फिट रु ६ रुपैया |
| २ | नक्सा पास नगरी निर्माण कार्य गरेमा | ५००० |
| ३ | गाउँपालिकामा दर्ता वा इजाजत नलिई नयाँ व्यवसाय संचालन गरेमा | गाउँपालिकाले तोकेको व्यवसायको दोब्बर जरिवाना गरिने छ। |
| ४ | गाउँपालिकाले निषेध गरेका क्रियाकलाप संचालन गरेमा | गाउँ कार्यपालिकाले निर्णय गरे बमोजिम रु १५००० सम्म जरिवाना लाग्ने छ । |
| ५ | जुनसुकै कर तथा गैर कर १ वर्ष भित्र तिर्न आएमा कर तथा गैर करको<br>(यो कर पहिलो त्रैमासिक भन्दा ढिलो गरि तिरेमा लाग्नेछ) | २५ प्रतिशत |
| ६ | १ वर्ष भन्दा पछिको प्रत्यक वर्ष थप | १५ प्रतिशत |
| ७ | पशु चौपाय जथाभावि छाडेमा प्रति गोटा | १०० |
| ८ | जथाभावि फोहोर फालेमा | १००० |
| ९ | सडकमा जथाभावि सामग्रि थुपारेमा | १००० |
| १० | मालपोत कर जरिवाना रु | २० प्रतिशत |
| ११ | माथि उल्लेखित कसुर गर्ने व्यक्ति,व्यवसायी वा संस्थालाई कारबाहीको दायरामा ल्याउन सहयोग गर्ने व्यक्ति वा निकायलाई पुरस्कार दिने सम्बन्धमा गाउँकार्यपालिकाको निर्णयानुसार हुनेछ। | |
| १२ | माथि उल्लेखीत कर/ दस्तुर/ शुल्क बाहेकको अन्य जुनसुकै शिर्षकमा जरिवाना लाग्ने अवस्था भएमा नियम बमोजिम लाग्ने कर/ दस्तुर/ शुल्क बापतको करमा २५ प्रतिशत जरिवाना थप लाग्नेछ। | २५ प्रतिशत |

- **व्याज (हर्जाना) लाग्ने:** कुनै करदाताले यस ऐन बमोजिम लाग्ने कर,दस्तुर,सेवा शुल्क समयमा दाखिला नगरेमा अन्यत्र व्याज तोकिएकोमा सोहि बमोजिम र नतोकिएको हकमा तिर्नु बुझाउनु पर्ने रकम वार्षिक पन्ध्र प्रतिशतका दरले व्याज लाग्नेछ।
- **समयमा विवरण दाखिला नगरेमा शुल्क लाग्ने:** यस ऐन तथा अन्य प्रचलित कानुन बमोजिम विवरण दाखिला गर्नुपर्ने दायित्व भएको करदाताले समयमा विवरण दाखिला नगरेमा यस ऐन

बमोजिम तिर्नुपर्ने करको दोब्बर रकम विलम्ब शुल्क सहित लाग्ने कर निजबाट असुल गरिनेछ।

- **झुट्टा विवरण दिएमा जरिवाना लाग्ने:** यस ऐन तथा अन्य प्रचलित कानुन बमोजिम विवरण दाखिला गर्नुपर्ने दायित्व भएका करदाताले कर छल्ने नियत लिई झुट्टा विवरण दाखिला गरेमा नियमानुसार लाग्ने करको १५ द्खि २० प्रतिशत रकम जरिवाना सहित लाग्ने कर निजबाट असुल गरिने छ।
- **व्याज नलाग्ने:** यस ऐन बमोजिम लाग्ने शुल्क,व्याज र जरिवानामा पुन व्याज लाग्ने छैन।